धनकुटा नगर, स्वच्छ, सुन्दर समुन्नत सहर

# धनकुटा नगरपालिका
## धनकुटा

**लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि**

**एकीकृत सेवा पहुँच परियोजना**

**लैङ्गिक हिंसा विरुद्ध महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीका**

**र**

**स्वास्थ्य आमा समूहका अध्यक्षहरुको**

# क्षमता अभिवृद्धि कार्यक्रमको प्रतिवेदन



**मिति २०८२ पौष २०-२३**

THE WORLD BANK
IBRD • IDA | WORLD BANK GROUP

SPF STATE AND PEACEBUILDING FUND

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना
कार्यान्वयन ईकाई, धनकुटा नगरपालिका
धनकुटा

# कार्यक्रम सम्पन्न प्रतिवेदन

**लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना**
**लैंगिक हिंसा विरुद्ध महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू र स्वास्थ्य आमा समूहहरुका अध्यक्षहरुको क्षमता अभिबृद्धि कार्यक्रम**

**तयार गर्नेः खिन्द्र अधिकारी — केश म्यानेजर**

२०८२/०९/२५

## १. परीचय (General Information)

| | |
|---|---|
| **कार्यक्रम शीर्षक** | लैंगिक हिंसा विरुद्ध महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि क्षमता अभिबृद्धि कार्यक्रम |
| **मिति** | २०८२ साल पौष २० र २३ गते (दुई सिफ्ट) |
| **स्थान** | धनकुटा नगरपालिकाको सभाहल, धनपा ५, धनकुटा |
| **आयोजक** | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना, PIU, धनकुटा नगरपालिका |
| **सहजकर्ता** | दशरथ राई, सिताराम गौतम, राजु गुरागाई, रत्न जिमी, सरिता मगर, प्रेम प्रसाद निरौला, सुमना तिम्सिना, डा.आयुष श्रेष्ठ, रमेश श्रेष्ठ, किशोर तामाङ्ग, कविता अधिकारी |
| **साझेदारी (भएमा)** | नभएको |
| **कार्यक्रमको प्रकार** (तालिम,अभीमुखीकरण, कार्यशाला, परामर्श) | तालिम कार्यक्रम |

## २. कार्यक्रमको उदेस्य/एजेण्डा (Event Objective/Agenda)

- धनकुटा नगरपालिका क्षेत्रमा संचालन भईरहेको लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजनाको सम्बन्धमा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई अभिमुखीकरण गर्ने;
- लैङ्गिक हिंसा सम्बन्धी विषय बस्तु, र प्रभावित केन्द्रित दृस्टीकोण (Survivors Centered Approach) मा मामला व्यवस्थापनको प्रक्रियाका बारेमा जानकारी गराउँने।
- प्रभावित केन्द्रित दृस्टीकोणमा मामला व्यवस्थापनमा मनोसामाजिक परामार्श सेवाको आवश्यकता, महत्व र प्रक्रियाका बारेमा जानकारी गराउँने।

## ३. कार्यक्रममा सहभागीहरुको विवरण (Participants Information)

धनकुटा नगरपालिका क्षेत्रमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका क्षेत्रमा अग्रपङ्तिमा रहेर कार्य गरिरहेका महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरु र स्वास्थ्य आमा समूहहरुका अध्यक्षहरुको सहभागीता रहेको थियो ।उक्त कार्यक्रममा भएको उपस्थितिको विस्तृत विवरण अनुसुची-२ मा प्रस्तुत गरिएको छ । सहभागीहरुको लैङ्गिक खण्डीकृत तथ्यांक देहाय अनुसार रहेको छ ।

| सहभागी विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ८३ | १०० |
| पुरुष | ० | ० |
| अन्य ( यौनिक अल्पसंख्यक) | ० | ० |
| जम्मा | ८३ | ८३ |
| कूल सहभागि | ८३ | १०० |
| दलित | ० | ० |
| जनजाती | ३१ | २५.७३ |
| ब्राम्हण/क्षेत्री | ५२ | ७४.७७ |

## ४. कार्यक्रमको निष्कर्ष (Event Summary)

यस क्षमता विकास तालिम कार्यक्रममा सहभागी केन्द्रित विधी अन्तर्गत निम्न लिखित विधिहरू अपनाईएको थियो ।

- सहभागीहरुको काम र अनुभव आदानप्रदान गरिनेछ।
- बिषयबस्तुप्रति सहभागीहरुको बुझाई मापन गर्न तालिम पूर्व र पश्चात मूल्यांकन गरिनेछ।
- सहभागीहरुबीच अन्तक्रियात्मक तरिका अपनाई सिक्ने वातावरणलाई तयार गरिनेछ।
- लैङ्गिक हिंसा सम्बन्धी अवधारणा, लैङ्गिक हिंसाका कारण हुने वा हुन सक्ने परिणाम नेपालमा यसको अवस्था, न्यूनीकरणमा भईरहेको प्रयास र चुनौतीहरु बारे छलफल,
- प्रभावित केन्द्रित दृस्टीकोण (survivor Centric Approach) बारे प्रस्तुति,
- परियोजना अन्तर्गत बनाइएका लैंगिक हिंसा सम्बन्धी सामाग्रीहरुको प्रयोग,
- समूह गतिविधिहरू बढाउन खेल र अन्तरक्रिया विधिहरू,
- विभिन्न सत्रहरूको छलफलबाट लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी कार्यहरूका लागि ख्याल गर्नुपर्ने बुँदाहरूको सूचि र प्रस्तुतीकरण।

सहभागीहरूले लैंगिक हिंसाबारे व्यवहारिक तथा सैद्धान्तिक क्षेत्रमा थप ज्ञान सीप प्राप्त गरेकाछन् सहभागीहरुको विषय बस्तुको ज्ञान कस्तो छ र तालिम दिईसकेपछि त्यसमा कति ज्ञान सीप थप भयो भनी पत्ता लगाउन तालिम शुरु हुन भन्दा अघि विषय बस्तु सम्बन्धी १२ वटा बहुबैकल्पिक उत्तर आउने प्रकारका प्रश्नहरु राखेर प्रि-टेष्ट र तालिम सम्पन्न पश्चात पोष्ट टेष्ट गरिएको थियो जसको नतिजा देहाय अनुसार प्राप्त भएको छ । टेष्टमा प्रयोग गरिएका प्रश्नपत्र अनुसुची २ मा दिईएको छ ।

**पोष्टटेष्ट नतिजा विश्लेषण**

| सोधिएको प्रश्न संख्या | आएको अंक | अंक ल्याउने संख्या | गलत उत्तर |
|---|---|---|---|
| १२ | १२ | ५ | ० |
| १२ | ११ | २१ | १ |
| १२ | १० | ३५ | २ |
| १२ | ९ | १० | ३ |
| १२ | ४ | ५ | ८ |
| १२ | ३ | ३ | ९ |
| १२ | २ | ३ | १० |
| १२ | १ | १ | ११ |
| १२ | ० | ० | ० |
| | जम्मा | ८३ | |

**प्रि टेष्टनतिजा विश्लेषण**

| सोधिएको प्रश्न संख्या | आएको अंक | अंक ल्याउने संख्या | गलत उत्तर |
|---|---|---|---|
| १२ | ११ | १ | १ |
| १२ | १० | २ | २ |
| १२ | ९ | ११ | ३ |
| १२ | ८ | २१ | ४ |
| १२ | ७ | २२ | ५ |
| १२ | ६ | १३ | ६ |
| १२ | ५ | ६ | ७ |
| १२ | ३ | ४ | १० |
| १२ | २ | ३ | ९ |
| | जम्मा | ८३ | |

## ५. मुख्य सिकाई र अबको बाटो (Key Takeaways and Next Steps)

- लैङ्गिक हिंसा सम्बन्धमा धनकुटा नगरपालिकाले पहिलो पटक महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य आमा समूहहरुका अध्यक्षहरुको सहभागितामा तालिम सञ्चालन भएको हुनाले सहभागिहरु सक्रिय सहभागी भएको ।
- प्रिटेष्ट र पोष्ट टेष्ट सहभागीका लागि नौलो विषय भएकाले सहभागीको परीक्षण र तालिमको उपलब्धी जाँच गर्न धेरै राम्रो विधि हुने ।
- तालिमका सहजकर्ताहरु र प्रस्तुतीकरण सहभागीहरुको मुल्याङ्कनमा प्रभावकारी देखिएको र आधारभूत विषय समेटैर सहभागीहरुलाई कार्यपत्र उपलब्ध गराएकाले आगामी दिनमा काम गर्न र नतिजा निकाल्न सजिलो हुने भएको ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु र स्वास्थ्य आमा समूहहरु मार्फत बस्तिको आधारभूत तह सम्म लैंगिक हिंसा रोकथामका लागि सचेतना विस्तार हुनुका साथै आगामी दिनमा समुदाय स्तरबाट लैंगिक हिंसा प्रभावितहरु सेवाकालागि आउने।

## ६. अनुसुचीहरु (Annexes)

अनुसुची-१

६.१ तालिम कार्यक्रमको विषय वस्तु Agenda/Content of the Event

| क्र.सं. | प्रशिक्षणको विषय वस्तु | समय तालिका | सहजकर्ता |
|---|---|---|---|
| १ | पहिलो दिनः सहभागीहरुको आगमन र विहानको खाजा | ०८:००-०८:३० | सहभागीहरु |
| २ | **उद्घाटन सत्रः** सहभागीहरुको नामदर्ता, परिचय, स्वागत तथा कार्यक्रमको उद्देश्यमा प्रकाश र उद्घाटन मन्तव्य साथ सत्र विसर्जन । | ०८:३०-०९:०० | महिला तथा बालबालिका उपशाखा प्रमुख, प्रमुख, उपप्रमुख र प्रमुख प्रसाशकीय अधिकृत |
| ३ | तालिम पूर्व मुल्याङ्कन प्रश्नावली भर्ने, नियम, अपेक्षा संकलन | ०९:००-०९:१५ | सहभागीहरु |
| ४ | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजनाको परिचय — प्रभावित केन्द्रीत दृस्टीकोण | ०९:१५-०९:४५ | GBV Specialist |
| ५ | लैङ्गिक हिंसा सम्बन्धी आधरभूत कारणहरु गुणस्तरीय गर्भपतन र अपर्झट प्रयोग गर्न सकिने गर्भ निरोधक साधनहरु | ०९:४५-११:१५ | मुख्य सहजकर्ता |
| ६ | **चिया विश्राम** | | |
| ७ | लैङ्गिक हिंसा सम्बन्धी अवधारणा, आधारभूत कारण र नेपालमा यसको अवस्था —(समुह कार्य — लैंगिक हिंसा, एक रुखको मध्यमबाट) | ११:१५-१२:४५ | मुख्य सहजकर्ता |
| ८ | **दिउँसोको खाना** | **१२:४५-१३:००** | |
| ९ | लैङ्गिक हिंसा सम्बन्धी संवैधानिक एवं कानुनी व्यवस्थाहरु | १३:०० -१४:३० | मुख्य सहजकर्ता |
| १० | प्रभावित केन्द्रित केस व्यवस्थापन, प्रक्रिया र सेवाहरु | १४:३० — १६:०० | मुख्य सहजकर्ता |
| ११ | **समिक्षा तथा पहिलो दिनको कार्यक्रम समापन** | १६:००-१६:१५ | |
| १२ | सहभागीहरुको आगमन र विहानको खाजा | ०८:००-०८:३० | सहभागीहरु |
| १३ | मनोसामाजिक, समस्या, लक्षण, समस्या समाधानका उपाय र स्वहेरचाह | ९:०० — १०:३० | मुख्य सहजकर्ता |
| १४ | साईवर अपराध, लागुपदार्थ दुर्व्यासन एवं आत्म हत्या न्यूनिकरण | १०:३० — १२:०० | मुख्य सहजकर्ता |
| १५ | **दिउँसोको खाना** | **१२:००-१३:००** | |

| | | | |
|---|---|---|---|
| **१६** | OCMC बाट प्रवाह हुने सेवा र उक्त सेवालिने प्रक्रिया | **१३:०० — १२:००** | मुख्य सहजकर्ता |
| १७ | समुह कार्य —महिला स्वास्थ्य स्वयंसेवीहरुले दैनिक वा साप्ताहिक रुपमा समुदायमा जाँदा, देखेका, सुनेका वा भोगेका लैङ्गिक हिंसा सम्बन्धी घटनाहरुलाई सेवा दिदा भोग्ने गरेका चुनौति र उपायहरू सम्बन्धी सामुहिक छलफल (५ समुहमा बिभाजन) | १०:३०— १२:०० | मुख्य सहजकर्ता |
| **१८** | **तालिमको समापन** | **१५:०० — १५:४५** | महिला तथा बालबालिका शाखा प्रमुख |

# अनुसुची-२

## ६.२ प्रिटेष्टमा प्रयोग गरिएका प्रश्नपत्र (Questionnaire of pre-test and post-test)

**लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धमा क्षमता अभिबृद्धि कार्यक्रममा सहभागीहरुका लागि पूर्व परीक्षण र उत्तर परीक्षण (Pre-test and Post test) को प्रश्नावली** *समय १० मि.*

*सहि उत्तरमा रेजा लगाउनु होला ।*

**१. हाम्रो मानव समाजमा लिङ्ग भन्नाले के बुझिन्छ ?**

क. पुरुष ख. महिला र पुरुष ग. महिला पुरुष र यौनिक अल्पसंख्यक

**२. लैङ्गगिकता भनेको के हो ?**

क. प्रकृतिले बनाएको भूमिका ख. समाजले बनाएको महिला,पुरुष तथा यौनिक अल्पसंख्यकको भूमिका

ख. सरकारले बनाएको जातजाती अनुसारको भूमिका

**३. लैङ्गिक हिंसा भन्नाले के बुझ्नु हुन्छ ?**

क. घरेलु हिंसा ख. महिला हिंसा ग. लैङ्गिकताको आधारमा गरिने भेदभाव/हिंसा

**४. लैङ्गिक हिंसाका प्रकारहरु के के हुन ?**

क. शारिरीक हिंसा ख. सामाजिक/मनोबैज्ञानिक हिंसा ग. आर्थिक हिंसा घ. माथिका सवै

**५. लैङ्गिक हिंसाबाट पीडित भएपछि देखिने सम्भावित परिणामहरू के के हुन् ?**

क. शारीरिक चोटपटक ख. मानसिक रोग ग. एक्लोपना घ सवै

**६. लैङ्गिक हिंसा सधै पुरुषले महिलामाथि गर्छन्।**

क. ठीक ख. गलत

**७. यस्तो हिंसा न्यूनीकरणका लागि रोकथामका उपाय के हुन सक्छ ?**

क. समुदाय सचेतीकरण ख. पिडकलाई कानुनी कारवाही गर्ने ग. परम्परागत कुरितिहरु हटाउने

घ.लैङ्गिक समानता प्रवर्दन गर्ने ङ. यस क्षेत्रमा काम गर्नेहरुको क्षमता विकास गर्ने च. सवै

**८. पीडित केन्द्रित दृष्टिकोण भनेको के हो ?**

क. पिडितको सुरक्षा र अधिकार ख. पिडकको अधिकार ग. राजनीतिक संरक्षण

**९. नेपालमा लैङ्गिक हिंसा पीडितहरूका लागि मुख्य रेफरल मार्गहरू कहाँ हुन सक्छ ?**

क.एकद्वार संकट व्यवस्थापन केन्द्र र प्रहरी ख. औषधी विभाग ग. गैसस घ. न्यायीक समिति

**१०. पुरुषत्व पुरुषमा र नारीत्व महिलामा हुन्छ ।**

क. सहि, ख. गलत, ग. थाह छैन

**११. पुरुष संजालले गर्नु पर्ने काम के हो ?**

क. महिला हिंसाको बारेमा वकालत गर्ने, ख. महिला हिंसाको मात्र कुरा भयो अब पुरुष हिंसाको बारेमा पैरवी गर्ने, ग. लैङ्गिक हिंसा अन्त्यका लागि अग्रसर हुने,

**१२. लैङ्गिक तथा यौनिक अल्पसंख्यक तलका मध्ये कुन हो ?**

क. पुरुष समलिङ्गी, ख महिला समलिङ्गी, ग. अयौनिक घ. सवै

# अनुसुची-३

## ६.३ कार्यक्रम सम्बद्ध फोटोग्राफहरु Photos and Supporting Materials (Attach photos with captions)

| | |
|---|---|
|  |  |
| महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु तालिम पश्चात | तालिममा समूह कार्यको प्रस्तुती राख्नु हुँदै सहभागि |
|   |  |
| तालिम शुभारम्भका क्रममा मन्तव्य राख्दै प्रमुख श्री चिन्तन तामाङ्ग | तालिमका सहभागिहरु |

| | |
|---|---|
|  |  |
| समूह कार्यमा ब्यस्त सहभागीहरु | समूह कार्यमा ब्यस्त सहभागीहरु |
|  |  |
| तालिम शुभारम्भका क्रममा मन्तव्य राख्दै प्रमुख श्री चिन्तन तामाङ्ग | तालिमका सहभागिहरु |

| | |
|---|---|
|  |  |
| सामूहिक तस्विर खिचाउदै सहभागीहरु | छलफलमा ब्यस्त सहभागीहरु |
|  |  |
| तालिमका सहभागीहरु | उपमेयर सहित परियोना फोकल पर्सन र परियोजना टिम |